पोखरा उपत्यका साइडसिन घुम्न जाऔँ
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे
सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन ४ गते आइतबार ❑ 16 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


### पोखरा भ्रमण वर्ष, २०२५ उद्घाटन

## आगोको ज्वालाले बेलुन फुट्दा अर्थमन्त्री पौडेल र महानगर प्रमुख आचार्य घाइते

पोखरापत्र संवाददाता
पोखरा, ३ फागुन





पोखरा भ्रमण वर्ष, २०२५ उद्घाटनका क्रममा आगाको ज्वालाले बेलुन फुट्दा उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल र पोखरा महानगर प्रमुख धनराज आचार्य घाइते हुनुभएको छ।

रिमोर्टबाट दीप प्रज्वलनपछि बेलुन उडाउने क्रममा आगोको ज्वालाले बेलुनमा टिपेपछि ठूलो आवाजसहित बेलुन पड्किएको थियो । बेलुन पड्किएपछि महानगरप्रमुख आचार्यको गालामा आगोको झिल्काले छोएको थियो भने उपप्रधान तथा अर्थमन्त्री पौडेलको कोटमा आगोको छिर्का लागेको थियो।

अर्थमन्त्री पौडेललाई उपचारका लागि गण्डकी मेडिकल कलेज शिक्षण अस्पताल लगिएकोमा थप उपचारका लागि काठमाडौँको कीर्तिपुर स्थित अस्पतालमा लगिएको नेपाल कम्युनिष्ट पार्टी (एमाले) कास्कीका अध्यक्ष बैनबहादुर अधिकारी क्षेत्रीले जानकारी दिनुभयो । मन्त्री पौडेललाई गण्डकी मेडिकल कलेज शिक्षण अस्पतालबाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थलतर्फ एम्बुलेन्सबाट लगिएको थियो । मन्त्री पौडेलको दुवै हात, अनुहार र घाँटी आसपासमा क्षति पुगेको जनाइएको छ । महानगर प्रमुख आचार्यलाई उपचारका लागि फिस्टेल अस्पताल लगिएकोमा थप उपचारका लागि काठमाडौँ पठाइएको उहाँका प्रेस संयोजक भीम थापाले जानकारी दिनुभयो। महानगरप्रमुख आचार्यको अनुहार तथा गालामा क्षति पुगेको छ।

यसैगरी उहाँहरुको स्वास्थ्य अवस्थाबारे स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले जानकारी लिनुभएको छ।

कीर्तिपुरस्थित बर्न अस्पतालमा पुगेर मन्त्री पौडेलले उपप्रम पौडेल र आचार्यको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको हो। मन्त्री पौडेलले चिकित्सकबाट राम्रोसँग उपचार भइरहेको जानकारी लिँदै उपचारमा कुनै कमी हुन नदिन आग्रह गर्नुभयो। मन्त्री पौडेलले जलनपीडित जोकोहीको उपचार प्रभावकारी बनाउने कार्यमा आफूहरू प्रतिबद्ध रहेको भन्दै त्यसैका लागि उपचार सेवा विस्तार र सेवा सुधार दुवै सँगै अघि बढाइएको बताउनुभयो । "जलनको उपचार सकेसम्म चाँडो बनाउने वातावरण तयार पार्न हामी लागि परेका छौँ, सुधारका कामले नतिजा दिन थालिसकेका छन्", उहाँले भन्नुभयो।

त्यस क्रममा मन्त्री पौडेलले अरू बिरामीको उपचार अवस्था र अस्पतालको सेवाबारे जानकारीसमेत लिनुभएको थियो । वीर अस्पतालअन्तर्गत ट्रमा सेन्टरमा समेत जलनका बिरामीका लागि बेग्लै वार्ड राखेर उपचार भइरहेको छ। मन्त्रालयले प्रादेशिक अस्पतालमा समेत यो सेवा विस्तार गर्ने गरी काम अघि बढाइरहेको जनाइएको छ।

## उज्विकिस्तानको ब्ल्याक बुल्सलाई आहा रारा गोल्ड कपको उपाधि




पोखरापत्र संवाददाता
पोखरा, ३ फागुन

पाहुना टोली उज्विकिस्तानको ब्ल्याक बुल्स फुटवल क्लवले २४ औं संस्करणको आहा रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिताको उपाधि जितेको छ । सहारा क्लवको आयोजनामा पोखरा रंगशालाको फुटवल मैदानमा शनिबार भएको फाइनल खेलमा नेपाल पुलिस क्लव लाई ३–१ को गोल अन्तरले पराजित गर्दै पाहुना टोली ब्ल्याक बुल्सले उपाधि जितेको हो।

ब्ल्याक बुल्सको जितमा जाखोंगिर अख्माडोभ, एशिलवेक ओरिभजोनोभ र शभूकतजोन स्याटोरोभले गोल गर्नु भयो भने पुलिको लागि ब्ल्याक बुल्सका डिफेण्डर खेलाडी अलीजोनले उपहार गोल दिनुभएको हो । खेलको ३१ औं मिनेटमा करिब ३० यार्ड टाडाबाट पाएको फ्रिकिक वललाई जाखोंगिरले सिधै पोष्टमा चार्ज गर्दा विपक्षि गोलरक्षक शत्रुधन चौधरीले बचाउन खोज्दा हातबाट फिल्क भई वलले जालु चुमेको थियो। खेलको ५९ औं मिनेटमा एशिलवेक र खेलको ६६ औं मिनेटमा शभूकतजोनले गोल गर्नु भएको हो। पुलिसले पाएका केही अवसरलाई सदुपयोग गर्न नसक्दा आहा रारा पोखरा गोल्ड कपको हालसम्मका सर्वाधिक सफलता हासिल गरेको टिम विदेशी टिमसंग पराजित हुदै उपविजेतामै चित्त बुझाउनु पर्‍यो। पुसिलका प्रशिक्षक चेतन घिमिरेले खेलाडीको राम्रो तालमेल र पाएका केही अवसरलाई सदुपयोग गर्न नसक्दा पराजित हुनु परेको बताउनुभयो।

ब्ल्याक ब्लूका प्रशिक्षक अब्दुलाजीज निशोनवाएवले आफुहरुले पुलिस बिरुद्धको खेलमा रणनिती परिवर्तन गरी जित हासिल गरेको बताउनुभयो। प्रतियोगितामा ब्ल्याक बुल्सका शभूकतजोन स्याटोरोभ उत्कृष्ट खेलाडी घोषित हुनु भयो। उहाँले एक थान इलेक्ट्रिक स्कुर उपहार प्राप्त गर्नु भयो । त्यसै गरी प्रतियोगिताको उत्कृष्ट गोलरक्षकमा ब्ल्याक बुल्सका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## १९ औं पोखरा अन्तर्राष्ट्रिय म्याराथनको उपाधि केन्याका विल्सन चेरुयोटलाई

पोखरापत्र संवाददाता
पोखरा, ३ फागुन




१९ औं संस्करणको पोखरा अन्तर्राष्ट्रिय म्याराथनको उपाधि केन्याली धावक विल्सन चेरुयोटले जित्नु भएको छ । नेपाल भूतपूर्व खेलाडी मञ्चले आज पोखरामा आयोजना गरेको उक्त प्रतियोगितामा उहाँले निर्धारित दुरी २ घण्टा १७ मिनेट २४ सेकेण्डमा उक्त दुरी पार गरी उपाधि जित्नु भएको हो।

त्यसै गरी प्रतियोगितामा केन्याकै धावक जुलियस मुरियाली वाहोम २ सेकेण्डले पछि पर्दा यस बर्ष उपविजेता हुनु भयो। १८ औं संस्करणको विजेता जुलियसले ४२ किलोमिटरको निर्धारित दुरी २ घण्टा १७ मिनेट २६ सेकेण्टमा पार गर्दै उपविजेता मात्र हुनु भएन गत बर्ष आफुले राखेको रेकर्ड समेत तोड्न सफल हुनु भयो । त्यसै गरी ओनेश्मस गिताओले निर्धारित दुरी २ घण्टा १८ मिनेट ५१ सेकेण्डमा पार गर्दै तेश्रो हुनु भयो । प्रतियोगितामा किरणसिंह वोगटी र निरज भट्ट क्षेत्रीले निर्धारित दुरी समान २ घण्टा ३८ मिनेट २२ सेकेण्डमा पार गर्दै सान्त्वना हुनुभयो।

छैटौंमा रिखुलाल सिंजाली, सातौमा दिनेश सिंह वोगटी, आठौंमा माइकल मैथ्या, नवौंमा भुमिराज राई र दशौं स्थानमा मिन रासि बिक आउन सफल हुनु भयो। त्यसै गरी गण्डकी प्रदेश तर्फको म्याराथनमा निरज भट्ट क्षेत्रीले निर्धारित दुरी २ घण्टा ३८ मिनेट २२ सेकेण्डमा पार गरी प्रथम हुनु भएको छ। त्यसै गरी रिखुलाल सिंजाली मगर दोश्रो र दिनेश वोगटी तेश्रो हुनु भएको हो। भट्ट पोखरामा गत असोजमा आयोजना भएको प्रथम पर्वतीय दौड प्रतियोगितामा विजेता हुनुहुन्छ । म्याराथन प्रतियोगिताको विजेतालाई ५ लाख, उपविजेतालाई ३ लाख, तेश्रोलाइ २ लाख र सान्त्वना स्वरुप चौथोदेखि ८ जनालाई नगद ३० देखि १० हजार प्रदान गरिएको मञ्चका अध्यक्ष दील बहादुर गुरुङले बताउनु भयो । गण्डकी प्रदेशतर्फको म्याराथनका विजेता, उपविजेता तथा शान्त्वनालाई क्रमशः नगद रु ५०, ३०, २० हजार प्रदान गरिएको थियो । म्याराथन, विभिन्न दौड सहित रन फर फनमा गरी १० हजार जना दौडमा सहभागि भएको पूर्व अध्यक्ष तेज बहादुर गुरुङले बताउनु भयो । विजेता खेलाडीहरुलाई गण्डकी प्रदेशमा सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री बिन्दुकुमार थापा, पोखराका मेयर धनराज आचार्य लगायतले पुरस्कार वितरण गर्नु भएको थियो।

खुल्ला म्यारथन तर्फ गण्डकी प्रदेशका खेलाडीहरुलाई समेत प्रोत्साहन गर्न पुरस्कारको ब्यबस्था गरिएको छ । विजेतालाई ५० हजार, उपविजेताले ३० हजार र तेस्रो हुनेलाई २० हजार रुपैयाँ प्रदान गरिएको मञ्चका महासचिव केशव पाठकले बताउनु भयो । पोखरा रंगशालाबाट सुरु भएको उक्त प्रतियोगिताको उद्घाटन नेपाल सरकारका उपप्रधान तथा अर्थमन्त्री बिष्णु प्रसाद पौडेलले गर्नु भएको थियो।




## पेट्रोलको मूल्य बढ्यो, डिजेल/मट्टीतेलको घट्यो

रासस
काठमाडौं, ३ फागुन

नेपाल आयल निगमले पेट्रोलको मूल्य बढाएको छभने डिजेल र मट्टीतेलको मूल्य घटाएको छ।

निगम सञ्चालक समितिको शनिबारको बैठकले मध्यरातदेखि लागू हुने गरी पेट्रोलको साबिकको बिक्री मूल्यमा प्रतिलिटर रु एक बढाएको छभने डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर रु चारले घटाएको छ।

मूल्य समायोजनसँगै पेट्रोल पहिलो वर्गका लागि प्रतिलिटर १६५ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १६७ रुपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर १६५ रुपैयाँ कायम भएको छ। यस्तै, डिजेल र मट्टीतेल पहिलो वर्गका लागि प्रतिलिटर १५३ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १५५ रुपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर रु १५६ रुपैयाँ कायम गरिएको छ । निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपो पहिलो वर्ग, सुर्खेत र दाङ दोस्रो तथा काठमाडौँ, पोखरा र दिपायलस्थित डिपोलाई तेस्रो वर्गमा वर्गीकरण गरेको छ। इन्डियन आयल कर्पोरेसनबाट आज प्राप्त नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा रु ०.५८ बढेर र डिजेलमा रु ३.५९ घटेर आएकाले मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ।

# अर्थतन्त्रमा क्रमिक सुधार भएको छः अर्थमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन



उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले देशको अर्थतन्त्रमा क्रमशः सुधार हुँदै गएको बताउनुभएको छ।

राष्ट्रिय वाणिज्य बैंकको गण्डकी प्रादेशिक कार्यालय भवनको शनिबार पोखरामा उद्घाटन गर्नुहुँदै उहाँले वर्तमान सरकार गठन हुँदा अर्थतन्त्रमा देखिएको समस्याहरू हाल क्रमशः सुधार भएका बताउनुभयो । देशको बिग्रँदो आर्थिक अवस्थालगायत विद्यमान समस्या समाधान गर्नेगरी दुई प्रमुख दल सम्मिलित वर्तमान सरकार बनेको उहाँले उल्लेख गर्नुभयो । देशको अर्थतन्त्रमा सुधार भएको आर्थिक सूचकले पनि देखाइरहेको बताउँदै अर्थमन्त्री पौडेलले वर्तमान सरकार इच्छाशक्ति भएको र समस्याको समाधान गर्न समर्थवान छ भन्नुभयो। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सरकारले निर्माण गरेको उल्लेख गर्दै उहाँले यसको सञ्चालन गराउनेतर्फ पनि सरकार लागिरहेकोस्पष्टपार्नुभयो।पोखरार भैरहवा विमानस्थल सञ्चालनका सम्बन्धमा प्रधानमन्त्री स्वयंले पटकपटक बैठक तथा छलफल गरिरहनुभएको उल्लेख गर्दै उहाँले यसको सञ्चालनमा सरकार गम्भीर छ भन्नुभयो । सरकारी बैंकले सर्वसाधारणलाई आकर्षित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले गण्डकी प्रदेश उद्योग, कृषि तथा पर्यटन विकासका प्रचुर सम्भावना रहेको बताउँदै यी क्षेत्रमा लगानी गर्न बैंक तथा वित्तीय संस्थालाई आग्रह गर्नुभयो । प्रतिनधिसभा सदस्य दामोदर वैरागीले उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । राष्ट्रिय वाणिज्य बैंकका सञ्चालक रामप्रसाद ज्ञवालीले आर्थिक सूचकहरूले देशको अर्थतन्त्र सकारात्मक दिशामा गएको बताउनुभयो। बैंकका सञ्चालक लक्ष्मण घिमिरेको सभापतित्वमा भएको कार्यक्रममा प्रदेशसभा सदस्य प्रकाश बराल, प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले देशको आर्थिक विकासमा बैंक तथा वित्तीय संस्थाको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो।

# म्याग्दीका स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कनमा सुधार

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ फागुन

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको कार्यसम्पादन मूल्याङ्कनमा जिल्लाका स्थानीय तहहरूको अवस्थामा सुधार देखिएको छ।

आर्थिक वर्ष २०७९/८० को तुलनामा आव २०८०/८१ मा जिल्लाका स्थानीय तहहरूले गरेका कार्यसम्पादन मूल्याङ्कनको नतिजामा सुधार देखिएको हो।

आयोगले देशभरका स्थानीय तह र सातवटै प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ मा गरेका कार्यसम्पादनलाई १७ वटा सूचकका आधारमा मूल्याङ्कन गरेर नतिजा सार्वजनिक गरेको थियो । आव २०७९/८० मा ३५ दशमलव २७ अङ्क प्राप्त गरेको बेनी नगरपालिकाले आव २०८०/८१ मा ६७ दशमलव २७ अङ्क प्राप्त गरेको छ। मङ्गला गाउँपालिकाले जिल्लाका छवटा स्थानीय तहमध्ये सबैभन्दा बढी ६९ दशमलव पाँच अङ्क पाएको छ । मङ्गलाको अघिल्लो आवमा कार्यसम्पादन मूल्याङ्कनमा ३४ दशमलव ८२ अङ्क आएको थियो। मङ्गला गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले कार्ययोजना बनाएर जिम्मेवारी बाँडफाँट गरेर योजनाहरू कार्यान्वयन गरिएकाले कार्यसम्पादनमा जिल्लामा सबैभन्दा बढी अङ्क ल्याउन सफल भएको बताउनुभयो । अघिल्लो वर्ष २७ दशमलव १८ अङ्क पाएको धवलागिरिले गत आवमा ४० दशमलव नौ पाए पनि जिल्लाका स्थानीय तहहरूसँगको प्रतिस्पर्धामा सबैभन्दा पछि परेको छ । गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले अघिल्लो वर्षको तुलनामा सुधार भए पनि भौगोलिक विकटता, पर्याप्त कर्मचारी नहुनु, इन्टरनेट र विद्युत् आपूर्ति नियमित नहुनु, सञ्चार सुविधाबाट वञ्चित हुनुलगायत कारणले कार्यसम्पादनमा चुनौती थपिएको बताउनुभयो । आव २०७९/८० मा २० दशमलव छ अङ्क ल्याएको रघुगङ्गा गाउँपालिकाले गत आवमा ६९ दशमलव चार अङ्क ल्याएको छ। गत आवमा ६८ दशमलव सात अङ्क हासिल गरेको मालिका गाउँपालिकाको अघिल्लो वर्षको अङ्क ३४ दशमलव ८२ थियो। अघिल्लो वर्ष २७ दशमलव छ अङ्क पाएको अन्नपूर्ण गाउँपालिकाले गत आवमा कार्यसम्पादन मूल्याङ्क सूचकमा सुधार गर्दै ६० अङ्क पाएको गाउँपालिका कार्यालयले जनाएको छ। अघिल्लो वर्ष २९ दशमलव २९ अङ्क प्राप्त गरेको म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिकाले गत आवमा ७० दशमलव शून्य एक अङ्क प्राप्त गरेको छ। गण्डकी प्रदेशका ८५ स्थानीय तहमध्ये स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले सबैभन्दा बढी ७८ दशमलव दुई अङ्क प्राप्त गरेको आयोगको प्रतिवेदनमा उल्लेख छ । आयोगले असार १० भित्र बजेट पेस गरे/नगरेको, असार मसान्तभित्र बजेट पारित गरे/नगरेको, आयव्ययको प्रक्षेपण पुस मसान्तभित्र अर्थ मन्त्रालयमा पेस गरे/नगरेको, बजेटको वार्षिक समीक्षा गरी कात्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको, विनियोजित रकमअनुसार खर्चको व्यवस्था, बेरुजुको अवस्था स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको प्रयोग गरे/नगरेकोलगायत सूचकहरूका आधारमा मुल्याङ्कन गरेको मङ्गला गाउँपालिकाका अध्यक्ष रोकाले जानकारी दिनुभयो।

त्यस्तै, आवधिक योजना तर्जुमा गरे/नगरेको, कक्षा १ देखि ८ सम्म खुद विद्यार्थी भर्ना दर, कक्षा-८ को तुलनामा कक्षा-९ मा विद्यार्थी टिकाउ दर, सामुदायिक विद्यालयबाट कक्षा १० मा एक दशमलव छसम्म वा सोभन्दा उच्च जिपिए प्राप्त गरेका विद्यार्थी प्रतिशत, चारपटक गर्भजाँच गरेका महिलाको अनुपात, कुल गर्भवतीमध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपात, पूर्ण खोप लगाएका बालबालिकाको अनुपातलगायत सूचकहरूलाई आधार बनाएर आयोगले अङ्क प्रदान गरेको उहाँले बताउनुभयो।

स्थानीय तहलाई सङ्घीय सञ्चित कोष तथा प्रदेश सञ्चित कोषबाट प्रदान गर्ने वित्तीय समानीकरण अनुदानअन्तर्गत कार्यसम्पादन मूल्याङ्कनका आधारमा अनुदान सिफारिसका लागि आयोगले गर्ने मूल्याङ्कन स्थानीय तहबीचको सकारात्मक प्रतिस्पर्धाका रूपमा लिने गरिएको छ।

# उज्विकिस्तानको ...

जसुरबेक राजाबोभ, उत्कृष्ट डिफेण्डरमा ब्ल्याक बुल्सका अलीजोन अलीजोनोभ, उत्कृष्ट फरवार्डमा ब्ल्याक बुल्सका अजिजबेक खुर्सोन बोइभ, उत्कृष्ट मिड फिल्डरमा पुलिसका कप्तान राम वाजी, उत्कृष्ट प्रशिक्षकमा ब्ल्याक बुल्सका अब्दुलाजीज निशोनवाएव घोषित हुनु भएको छ । प्रतियोगिताको अनुशासित टिमहरु मध्य भारत सिक्किमको थन्डर वोल्टस् नर्थ यूनाइटेड घोषित भएको छ।

विजयी खेलाडीहरुलाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, क्लवका अध्यक्ष केशवराज बराल, प्रतियोगिताका संयोजक पूर्ण बहादुर गुरुङ लगायले पुरस्कार वितरण गर्नु भएको थियो।

प्रतियोगिताको विजेताले १२ लाख १ हजार र उपविजेताले ६ लाख १ हजार सहित शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गरेको छ । क्लवका अध्यक्ष केशवराज बरालको अध्यक्षतामा प्रतियोगिता समापन भएको छ । माघ २२ गते देखि सुरु भएको प्रतियोगितामा ३ विदेशी सहित १२ टिमको सहभागिता रहेको क्लवका महासचिव रामजी प्रसाद अधिकारीले जनाउनु भयो । प्रतियोगिताको मुख्य प्रायोजक हिमश्री फुड्स प्रालिको उत्पादन रारा तयारी चाउचाउ रहेको छ।

# पूर्वेली एफसीलाई भिमप्रसाद स्मृति मुस्ताङ कपको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन




मुस्ताङ युथ फेमेलीले आयोजना गरेको पहिलो संस्करणको 'मुस्ताङ कप भिमप्रसाद गौचन स्मृति फाइभ ए साइड फुटसल प्रतियोगिता' को उपाधि पूर्वेली एफसीले जितेको छ।

पोखरा महानगरपालिका ११ स्थित रानीपौवा स्पोर्टस् सेन्टरमा शनिबार भएको फाइनल खेलमा जिसिबिएसलाई ३-१ गोल अन्तरले पराजित गर्दै पूर्वेलीले उपाधि जितेको हो । उपाधिसँगै पूर्वेलीले नगद रु ५० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्यो । यस्तै उपविजेता बनेको जिसिबिएसले नगद रु २५ हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्यो। कुल ८ टिमको सहभागिता रहेको सो प्रतियोगिताबाट जिसिबिएसका वाङ्गेल गुरुङ सर्वोत्कृष्ट खेलाडीका रुपमा पुरस्कृत भए । यस्तै पूर्वेलीका सन्देश राई सर्वाधिक गोलकर्ता (५ गोल), तथा सोही टिमकै सुवास गुरुङ उत्कृष्ट गोलरक्षक बने। प्रतियोगिताको विजेता तथा उपविजेता टिमका खेलाडीहरुलाई समापन समारोह तथा पुरस्कार वितरण समारोहका प्रमुख अतिथिसमेत रहेको गण्डकी प्रदेश सभा सदस्य विकल शेरचन, स्व. भिमप्रसाद गौचनका परिवार, कार्यक्रम संयोजक टासी गुरुङ, जिल्ला खेलकुद विकास मुस्ताङका उपाध्यक्ष असिम शेरचन, प्रायोजकहरु लगायतले पुरस्कार वितरण गरे। सो अवसरमा बोल्दै प्रदेश सांसद शेरचनले उक्त प्रतियोगितालाई निरन्तरता दिनुपर्नेमा जोड दिए। उनले आगामी वर्षमा हुने दोस्रो संस्करणको प्रतियोगितालाई भव्य बनाउनका लागि आफ्नो तर्फबाटपनि सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले प्रतियोगिताले मुस्ताङबासीलाई एकताको सुत्रमा बाँध्ने उल्लेख गरे । 'यो प्रतियोगिता केवल प्रतियोगिता मात्र नभएर मुस्ताङबासीलाई एकताको सुत्रमा बाँध्ने एउटा माहौल भएको छ, उनले भने, 'त्यसैले यो प्रतियोगिता आगामी वर्षपनि परिस्कृत गर्दै आयोजना गर्न आवश्यक छ । त्यसका लागि म मेरो तर्फबाट पनि सहयोग गर्न तयार छु।'

# कास्की क्रिकेट लिगः सांग्रिला र पोखरा क्रिकेट विजयी

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन




सांग्रिला क्रिकेट क्लबले लेखनाथ युथ क्रिकेट क्लबलाई ७० रनले पराजित गर्दा पोखरा क्रिकेट क्लबले माछापुच्छ्रे क्रिकेट क्लबमाथि ३ विकेटको जित निकालेको छ।

शनिबार पोखरा रंगशालामा भएको प्रतिस्पर्धामा सांग्रिला क्रिकेट क्लबले टस हार्दै ब्याटिङको निम्तो पायो। तेस्रो नम्बरका सुदिप पौडेलमा ४५ रनको योगदानमा सांग्रिलाले १६४ रनको योगफल तयार पार्यो । ३७ बल खेल्ने क्रममा ५ चौका र १ छक्का उनको स्कोर कार्डमा लेखियो। ओपनर विराट दुवाडीले २७ बलमा २७ रन बनाउँदै राम्रो शुरुवाती दिलाएका थिए। ३ चौका र १ छक्का उनले पनि प्रहार गरे । विपिन खत्रीले १८ बलमा ३२ रनको योगदान दिदाँ रिकेश गुप्ताले १६ बलमा २१ रनमा अविजित रहे। सिब्रिन श्रेष्ठले पनि १९ रन बनाई आउट भए। सुशिल सुवेदीले २ विकेट आफनो नाममा लेखाए।

१६५ रनको लक्ष्य पछ्याएको लेखनाथ युथ क्रिकेट क्लबले भने ९४ रनमा समेटियो। विपिन खत्रीले ४ ओभरमा २ मेडन राख्दै ७ रन दिएर ५ विकेट लिएपछि लेखनाथको ब्याटिङ निकै कमजोर बन्यो। दिपन बरालले १८, प्रताप थापाले २० रन बनाउँदै शुरुवाती राम्रो रह्यो । तर उनीहरु आउट भएपछि मध्यक्रमका ब्याटरको योगदान देखिएन्। सातौं नम्बरमा आएका प्रताप तामाङले १५, आठौं नम्बरमा आएका सन्दीप शर्माले १६ रनको योगदान दिए । विपिन प्लेयर अफ दि म्याच घोषित भए। अर्को खेलमा सुवास भण्डारीको अर्धशतकीय पारीमा पोखरा क्रिकेट क्लबले माछापुच्छ्रे क्रिकेट क्लबलाई ३ विकेटले पराजित गरेको छ। टस जितेको माछापुच्छ्रेले सुमित श्रेष्ठ र मनोज कोईरालाले पहिलो विकेटको लागि ७७ रनको साझेदारी निभाए। श्रेष्ठले ३८ रन बनाउँदा कोईराला भने चार रनले अर्धशतक पुरा गर्नबाट चुके। ४६ रन बनाई खेल्ने क्रममा मुस्कान थापाको बलमा आउट हुदै क्रिज छाडे । ३५ बल खेलेका उनले ६ चौका र २ छक्का प्रहार गरेका थिए। प्रमोद भण्डारीले २० रन बनाए । अन्य ब्याटरको प्रदर्शन उल्लेख्य नहुदाँ माछापुच्छ्रेले ६ विकेटको क्षतिमा १५२ रन बनायो। अनिष धामीले ३ विकेट लिए । १५३ रनको लक्ष्य पछ्याएको पोखरा क्रिकेट क्लबको ओपनिङ खराब रह्यो। एक रन बनाउने क्रममा १ विकेट गुमाउन पुग्यो । दोस्रो विकेट पनि ९ रन बनाउँदा गुमाएपछि दबावमा पर्यो। तेस्रो नम्बरमा आएका अर्जुन बुढाथोकी र सुवास भण्डारीले इनिङ सम्हाल्ने क्रममा २१ र ५१ रनको बनाए। भण्डारीले ४३ बल खेल्दै ३ चौका र १ छक्का प्रहार गरे । प्रेम गुरुङले ३० रन बनाए भने अनिष धामीले २७ रन बनाई अविजित रहे। प्रमाद बास्तोलाले ३ विकेट लिए। खेलमा भण्डारी प्लेयर अफ दि म्याच घोषित भए।

# दुर्घटनामा एकको मृत्यु, एकजना घाइते

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन

जिल्लाको बिहादी गाउँपालिका-१ बाच्छामा आज दिउँसो भएको जिप दुर्घटनामा एकजनाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन्।

मृत्यु हुनेमा बिहादी-१ कमेरेका ५० वर्षीय बलबहादुर माझीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक रामप्रसाद सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार दुर्घटनामा जिपका चालक घाइते भएका छन् । उकालो सडकमा जिपले 'ब्रेक' नलागेर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। ध१च २८२ नंको जिप बागलुङको जैमिनीबाट कुश्मातर्फ फर्किने क्रममा बिहादी-१ बाच्छास्थित बाह्रबिसेमा दुर्घटना भएको प्रहरीले जनाएको छ।

कुश्मा नगरपालिका-१ मालढुङ्गाका ४५ वर्षीय चन्द्र माझी घाइते भएका प्रहरी निरीक्षक सापकोटाले जानकारी दिनुभयो । घाइतेको टाउको, निधार र छातीमा चोट लागेको भन्दै उहाँले माझीको जिल्ला अस्पताल पर्वतमा उपचार भइरहेको बताउनुभयो । उहाँका अनुसार मृतकको शव परीक्षणका लागि पर्वत अस्पतालमा राखिएको छ । दुर्घटनालगत्तै घटनास्थलमा पुगेको प्रहरी टोलीले घटनाको थप अनुसन्धान गरिरहेको जनाएको छ।

# टिपर दुर्घटनामा परी चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ फागुन

बागलुङका निसीखोला गाउँपालिका टिपर दुर्घटना हुँदा चालकको मृत्यु गएको छ। शनिबार साँझ रुकुम पूर्वबाट बागलुङको बुर्तिङतर्फ जाँदै गरेको ग१क ६१८९ नंको टिपर निसीखोला गाउँपालिका-६ लामिडाँडामा दुर्घटना भएको थियो। दुर्घटनामा गुल्मीको इस्मा गाउँपालिका-३ का ४७ वर्षीय चालक कृष्ण कुमालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सुनिल शर्माले जानकारी दिनुभयो । टिपर सडकदेखि करिब २०० मिटर तल खसेको उहाँले बताउनुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहाना नहुने, स्वप्नदोष, स्वप्न यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्वन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# वातावरण विनाश गर्नेलाई उन्मुक्ति नदेऊ

पोखरामा रहेका सरकारी कार्यालय, स्कुल परिसर रुख, विरुवाले भरिभराउ थिए । कार्यालय र स्कुलहरूमा रुख रोपेको नागरिकले पनि घर वस्तीलाई कार्यालय र स्कुल जस्तै वनाउने सन्देश थियो । पोखरालाई चौतारीको शहरको रुपमा चिनिन्थ्यो । पोखरालाई योजनाबद्ध विकास गर्न पोखरा उपत्यका नगर विकास समिति गठन भएको थियो । पोखरा उपत्यका नगर विकास समितिले २०३५ गरेको गणनामा पोखराका त्यतिबेलाका १८ वटा वडामा ६ सय ३२ चौतारा रहेको थिए । २०३५ सालमा तत्कालीन नगर विकासले गरेको गणनामा पोखराका त्यतिबेलाका १८ वटा वडामा ६ सय ३२ चौतारा रहेको पृथ्वीनारायण क्याम्पस पोखराका वनस्पति शास्त्रका उपप्रध्यापक कल्याण पन्तको भनाइले तत्कालीन अवस्थालाई देखाउँछ ।

२०५८ सालमा आइपुग्दा २ सय ७८ चौताराहरू विभिन्न बहानामा काटिएको पन्तले दिएको तथ्याङ्कले दण्डहिनता मौलाउन थालेको स्पष्ट हुन्छ। २०३५ बाट २०५८ सालसम्म ३ सय ५४ वटा मात्र बाँकी रहेको पन्तले सुनाए । पछिल्लो समयमा कति चौतारा छन् भन्ने यकिन तथ्यांक छैन । अहिले सरकारी कार्यालय र स्कुलले कति रुख काटेर वातावरण जोगाउन उल्टो योगदान दिए हिसाब गर्ने जाँगर कसैलाई छैन। विकास गर्न वातावरण जोगाउन सकिन्छ भन्ने चेत भएकाले पनि वास्ता गरेको पाइँदैन । सडक चौडा बनाउन रुख काट्ने र चौतारा मासिनुमा जनप्रतिनिधि पनि जिम्मेवार रहेका छन । दण्डहिनता बढ्दै जाँदा धार्मिक अनुष्ठानको नाममा पनि चौताराका रुख काटिनु झन् चिन्ताको विषय भएको छ। ऐतिहासिक रुख काट्नेलाई कानुनी दायरामा ल्याउनुपर्नेमा छुट दिँदै जाँदा कसैलाई पनि कार्वाही नहुने अवस्था आएको छ ।

पछिल्लो समयमा महायज्ञको नाममा पोखरा १३ र १४ का ऐतिहासिक चौताराका वर, पीपल, शमीका रुख काटिएको छ। पोखराका ऐतिहासिक चौताराका वर, पीपल, शमीजस्ता रुख काटिएकोप्रति संरक्षणकर्मीले चिन्ता व्यक्त गर्दै कारबाहीको माग गरेका छन । जैविक विविधताका लागि महत्त्वपूर्ण मानिने वर, पीपल, शमी, आँपका रुख मास्ने उद्देश्यले ठुटो बनाएर काटिएको प्रति संरक्षणकर्मीले चिन्ता व्यक्त गरेका छन। ऐतिहासिक, सांस्कृतिक र धार्मिक महत्वका वर, पीपल, शमीका रुख धर्मको नाममा काटिनु थप चिन्ताको विषय हो ।

विकास निर्माणका नाममा, चराले फोहोर गरेका नाममा पनि ऐतिहासिक चौताराका वर, पीपल, शमीका रुख काटिने गरेको संरक्षणकर्मी हेमन्त ढकालको तातो अनुभव छ। बताए। यसरी वर, पीपल, शमीका रुख काटिँदा धर्म संस्कृतिप्रतिको प्रहारको साथै जैविक विविधतामाथि पनि एकै चोटी प्रहार हुने गरेको छ । वर, पीपल, शमी विभिन्न प्रजातिका चराहरूका बासस्थान हुनुको साथै ती रुखहरूमा फल्ने साना साना दाना चराहरूका आहारा पनि हुन । विकास निर्माणका विभिन्न बहानामा वातावरण र प्रकृतिमाथिको दोहन बढ्दै गएको छ ।

पछिल्लो समयमा बालयोगेश्वर विजय कृष्णमूर्तिको नेतृत्वमा रहेको मानव सेवा फाउन्डेसनले वैशाख १ गतेदेखि ४५ दिनसम्म पोखरामा कोटीहोम लगाउने भन्दै वर, पीपल र शमीका रुख नपलाउने गरी ठूटो बनाएपछि रक्षक नै भक्षक भर्नालाई खण्डन गर्ने ठाउँ छैन। रुख काटिएको सार्वजनिक भएर आलोचना भएपछि पोखरा महानगरपालिकाले फाउन्डेसनले जम्मा गरेका काठ जफत गरे पनि कानुनी कारबाही भने भएको छैन । रुख काट्नेलाई र काटेर रुख ठिटो बनाउँदो नदेख्ने दुवै कार्वाहीको भागीदार हुनैपर्छ ।

# जीर्ण बन्दै जनजाति महासंघको भवन

पोखरापत्र संवाददाता
लमजुङ, ३ फागुन

बैंसीसहर नगरपालिका–७ मा १३ वर्ष अघि निर्माण गरिएको नेपाल आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद् लमजुङको भवन अलपत्र परेको छ । प्रयोगविहीन हुँदा भवन जीर्ण समेत बन्दै गएको छ ।

भुई तलामा एउटा हलसहित पाँच वटा कोठा रहेको उक्त दुई तले यस भवनलाई चारै तिरबाट झाडिले घेरिएको छ । तल्लो भागको पर्खाल भत्किएर प्वाल परेको छ। झ्यालढोका भत्किएका छन् । झ्यालमा राखिएका सबै सिसा फुटेका छन् भने च्यानल गेटलगायतमा खिया लागेको छ। भवनभित्र चाउचाउ, विस्कुटका खोल, फुटेका सिसाका टुक्रा र खाली पानीका बोतल छन् ।

मर्स्याङ्दी नदी र बैंसीसहर बजारको बीच भागमा जङ्गलभित्र उक्त भवन छ। भवनसम्म पुग्ने बाटो सहज छैन । यहाँ भवन रहेर पनि प्रयोग नगर्दा जीर्ण बनिररहेको छ। विसं २०६८ मा निर्माण सम्पन्न भएयता यस भवन प्रयोगविहीन बन्दै आएको हो ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट रु २५ लाख र तत्कालीन जिल्ला विकास समिति लमजुङबाट पहिलो पटक रु १० लाख र दोस्रो पटक रु पाँच लाख गरी रु १५ लाख गरी कूल रु ४० लाख बजेटबाट भवन निर्माण गरेको नेपाल आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद् लमजुङका तत्कालीन अध्यक्ष खेमजङ गुरुङले बताउनुभयो । उहाँका अनुसार विसं २०६७ फागनमा प्रथम आदिवासी जनजाति सांस्कृतिक महोत्सव आयोजना गरेर नाफा भएको करिब रु पाँच लाख रकममध्ये रु तीन लाखमा उक्त भवन निर्माणका लागि एक रोपनी जग्गा खरिद गरेको थियो । परिषद्का पूर्वअध्यक्ष गुरुङले राजनीति विवादका कारण अहिलेसम्म पनिभवन उद्घाटन हुन नसकेको दुःखेसो गर्नुभयो । परिषद्का अध्यक्ष रामकुमार श्रेष्ठले भन्नुभयो, "घर त बनाइ हाल्यो, पहिलेका साथीहरुले घर पूरा नहुँदा पहिला झगडा भयो । भवन प्रयोग हुन नसक्दा जीर्ण बन्दै गयो, अब हामी नयाँ टिम आएको र यतिबेला पुनः सञ्चालन गर्ने योजना बनाएका छौँ ।" केही समयअघि प्राविधिक टोलीले भवनको निरीक्षण गरेको र भवन मर्मतका लागि करिब रु १५ लाख खर्च लाग्ने जनाइएको छ । भवन मर्मतका लागि केही रकम बैंसीसहर नगरपालिका र जनजाति महासङ्घ केन्द्रले सहयोग गर्ने जनाएको उहाँको भनाइ छ ।

# तापक्रम वृद्धिको असर सुन्तलाखेतीमा

पोखरापत्र संवाददाता
म्याग्दी, ३ फागुन

तीन दशकअघिसम्म लटरम्म सुन्तला फल्ने म्याग्दीको रघुगङ्गा गाउँपालिका–३ मौवाफाँटका नीलकण्ठ सुवेदीको बगैँचा अहिले रित्तिएको छ ।

"स्वादिलो, रसिलो हुने भएकाले गलेश्वर र बेनीमा मौवाफाँटको सुन्तला खोसाखोस हुन्थ्यो", सुवेदीले स्मरण गर्नुभयो, "अहिले मौवाफाँटमा सुन्तला उत्पादन हुनै छाड्यो । बगैँचा पनि नासियो ।" कुनै समय राम्रो चर्चा र धेरै माग हुने मौवाफाँटको सुन्तला हाल एकादेशको कथाजस्तै भएको सुवेदीले बताउनुभयो । उहाँकहाँ मात्र नभएर मौवाफाँटमा अहिले कसैको घरमा पनि बगैँचा छैन । एक जनाको एक सय बोटसम्म सुन्तलाको बगैँचा थियो । बीसभन्दा बढी बगैँचा थिए ।

चिमखोला, दग्नाम, कुइनेमङ्गलेका बासिन्दाले कोदो, मकै, आलु ल्याएर मौवाफाँटबाट सुन्तला साटेर लैजान्थे । आलु र सुन्तलाको वस्तु विनिमय गर्ने चलन थियो । मौवाफाँटका क्षेत्री, बाहुन, ठकुरी र चिमखोला, दग्नामका मगर, कुइनेङ्गलेका छन्त्याल जातीबीच मितेरी साइनो लगाउने चलन पनि थियो । केही वर्षयता घरायसी उपभोगका लागि लगाएको सुन्तलाको बोटमा पनि फल लाग्न छाडेको मौवाफाँटका बासिन्दा हरि सुवेदीले बताउनुभयो । तापक्रम वृद्धिको असर र माटोमा अम्लियपना बढेका कारण मौवाफाँटबाट सुन्तला नासिएको उहाँले बताउनुभयो। टुनीको रूखहरू फैलिँदा सुन्तला खेतीमा असर परेको पनि उहाँको अनुभव छ । दाना सानो लाग्ने, पात पहेँलो भएर झर्ने, हाँगा सुक्नेजस्ता समस्या देखिएको सुवेदीले बताउनुभयो । रघुगङ्गा गाउँपालिकाको केन्द्र रहेको मौवाफाँट समुद्री सतहदेखि एक हजार दुई सयदेखि एक हजार चार सय मिटरको उचाइमा छ । मौवाफाँट त्यसभन्दा माथिल्लो क्षेत्रमा पर्ने फूलबारी, दुलेपानी र बुक्लमा सुन्तलाखेती राम्रो हुन थालेको छ । फूलबारी, दुलेपानी र बुक्ल समुद्री सतहदेखि एक हजार पाँच सय मिटर हाराहारीको उचाइमा छन् । तापक्रम वृद्धिको असर सुन्तलाखेतीमा देखिएको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख सञ्जीव बास्तोलाले बताउनुभयो । "सुन्तलाखेतीका लागि समुद्री सतहदेखि नौ सयदेखि एक हजार पाँच सय मिटर उचाइको भूगोल उपयुक्त भए पनि पछिल्लो समय माथिल्लो क्षेत्रमा खेती हुन थालेको छ", उहाँले भन्नुभयो "यसअघि सुन्तला फल्ने तल्लो क्षेत्रमा उत्पादन नहुने र माथिल्लो क्षेत्रमा राम्रो उत्पादन हुन थाल्नुलाई तापक्रम वृद्धिको असरका रूपमा लिएका छौँ ।" हावापानी, मौसम र माटोको परीक्षण गरेर मात्र सुन्तला बगैँचा स्थापना गर्नुपर्ने उहाँले कृषकलाई सुझाव दिनुभयो । पुराना बगैँचामा फल टिपेपछि मल र पानी हाल्न, बोडोपेष्ट लगाउन बास्तोलाले सुझाउनुभयो । म्याग्दीमा आठ सय १० हेक्टर क्षेत्रफलमा सुन्तलाखेती भएकोमा चार सय २५ हेक्टरमा फल लाग्ने गरेको कृषि ज्ञान केन्द्रको तथ्याङ्क छ । राखु, मरेक, सुर्केमेला, बरङ्जा, भेडाबारी, अर्मन, रून्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवति, बेग, दोवा, दोसल्ले, घार, भुरूङ तातोपानी, दाना र नारच्याङमा दुई सयभन्दा बढी सुन्तला बगैँचा छन् ।

गत वर्ष तीन हजार छ सय मेट्रिक टन सुन्तला उत्पादन भएको म्याग्दीमा यो वर्ष चार हजार सात सय ८१ मेट्रिक टन उत्पादन भएको छ । म्याग्दीका कृषकले यस वर्ष रू ३३ करोड ४६ लाख मूल्य बराबरको सुन्तला बिक्री गरेका कृषि ज्ञान केन्द्रका प्रमुख बास्तोलले बताउनुभयो । गत वर्ष रू २४ करोड मूल्य बराबरको सुन्तला बिक्री भएको थियो । सरदर प्रतिकिलो रू ७० का दरले सुन्तला बिक्री भएको छ । यस वर्ष प्रतिहेक्टर ११ दशमलब २५ मेट्रिक टनका दरले सुन्तला उत्पादन भएको छ । गत वर्ष प्रतिहेक्टर आठ दशमलव छ मेट्रिक टनका दरले सुन्तला उत्पादन भएको थियो । कृषि ज्ञान केन्द्रका प्राविधिकहरूले 'क्रप कटिङ' विधिबाट सुन्तलाको उत्पादनको अवस्थाको बारेमा उत्पादनको अवस्था पहिचान गरेका हुन् ।

# मनकलीले उत्पादन गरेको सिस्नो पाउडर जापान र कोरियासम्म

पोखरापत्र संवाददाता
बागलुङ, ३ फागुन

ताराखोला गाउँपालिका–५ बारडुलेकी ४६ वर्षीया मनकली घर्ती मगरले विसं २०६७ सालदेखि सिस्नोको पाउडर उत्पादन आउनुभएको छ । बारीको काल्नामा खेर गइरहेको सिस्नोलाई प्रशोधन गरी पाउडर बनाएर देशका ठूला सहर र विदेश पठाउने गर्नुहुन्छ । चौध वर्ष अगाडि जिल्ला लघु उद्यम सङ्घले दिएको पाँच दिनको तालिमले घर्ती मगरलाई उद्यमी बनायो । उद्यमीसँगै अहिले उहाँ प्रशिक्षकका रूपमा ज्यादा चिनिनुहुन्छ ।

विहान बेलुका घरको काम धन्दामा ब्यस्त हुने मनकली फुर्सदको समयमा काल्नामा उम्रिएको सिस्नो टिपेर प्रशोधन गर्नु हुन्छ । आवश्यक मेसिन नहुँदा पनि उहाँल घरेलु सामग्री प्रयोग गरी सिस्नोका पाउडर उत्पादन र प्याकेजिङ गर्नुहुन्छ । गाउँमा कसैले पनि सिस्नो बिक्री हुन्छ भन्ने विश्वास गर्दैनथे । तर अहिले विदेशदेखि नै माग आउन थालेपछि गाउँले पत्याउन थालेका छन् । ताराखोलामा मनकली सिस्नोको पाउडर उत्पादन गर्ने र अरुलाई प्रशिक्षण दिन एक्लो महिला हुनुहुन्छ ।

घर्ती मगरले कक्षा पाँचसम्म अध्ययन गर्नु भए पनि सिस्नो पाउडर बनाउन सिक्नेका लागि शिक्षककै बन्नुभएको छ । वर्षौं अगाडि गाउँमा एक पटक लिएको तालिमले मनकलीको दैनिकीनै फेरिँदै गएको छ । घरको काम धन्दामा मात्रै सीमित उहाँ अहिले फुर्सद्को समयमा बारीको सिस्नो टिप्ने र पाउडर बनाउने गर्नुहुन्छ । दुर्गम गाउँको सामान्य परिवारकी घर्ती मगरका तीन छोरी र एक छोरा हुनुहुन्छ । श्रीमान् भने वर्षौंदेखि रोजकारकासिलसिलामामलेसिया पुग्नुभएको छ ।

उहाँले भन्नुभयो, "म त गरिब परिवारमा जन्मेको हुँद धेरै पढ्न पाइन, पाँच कक्षासम्म पढेँ, आर्थिक अवस्था पनि राम्रो थिएन, आफूले पढ्न नपाए पनि चार भाइबहिनी छोराछोरीलाई श्रीमान्ले विदेशमा मैले यहाँ काम गरेर उच्च शिक्षा पढाउन पाएका छौँ, उतिबेला खेती किसान गरेर खानु पर्थ्यो, खान पनि पुग्दैनथ्यो, सिस्नोको पाउडर बनाएर बेच्न थालेपछि आर्थिक अवस्था पनि सुधार हुँदै गएको छ ।"


बागलुङ जिल्लामा अहिलेसम्म व्यवसायिकरूपमा सिस्नोको पाउडर उत्पादक हुनसकेको छैन । धेरै महिलाले तालिम लिए पनि व्यवसायिक रूपमा उत्पादन गर्न तर्फ चासो दिएको पाइँदैन । सिस्नोको पाउडर उत्पादन गर्न निकै झण्झटिलो र धेरै समय लाग्ने हुँदा धेरैले चासो नदिने मनकली बताउनुहुन्छ । एक महिनामा महिनामा करिब १५ किलो पाउडर तयार गर्न सकिने उहाँको भनाइ छ । एक किलो पाउडर उत्पादनका लागि करिब १० किलो काँचो सिस्नो आवश्यक पर्ने भन्दै बढी मेहनत र कम आम्दानी हुने हुँदा धेरैले चासो नदिएको उहाँको भनाइ छ। विदेश जाने धेरैको रोजाइमा सिस्नाको पाउडर पर्ने हुँदा प्रतिकिलो रु २०० हजारसम्म लैजाने गरेको घर्ती मगरले सुनाउनुभयो । आफूले फुर्सद्को समयमा मात्रै पाउडर उत्पादन र प्याकेजिङ गर्ने हुँदा वार्षिक तीन लाखको हाराहारीमा आम्दानी गर्ने उहाँको भनाइ छ । पहिलेको तुलनामा पछिल्लो समय पाउडरको माग बढ्दै गएको छ भने मूल्य पनि बढ्दै गएको छ । डेढ दशक अगाडि गाउँका अरु महिलाले पनि तालिम लिए पनि उनीहरुले खास्सै चासो दिएनन् । मनकली एक्लैले निरन्तर मेहनत गर्दै जाँदा अहिले अन्य महिलाका लागि प्रेरणाको स्रोत बन्नुभएको छ । समय-समयमा उहाँ तालिम दिनका लागि ठाउँ-ठाउँमा पुग्नुहुन्छ । सिस्नोको पाउडरको माग नेपालमा भन्दा बढी विदेशबाट आउने घर्ती मगर बताउनुहुन्छ । आधुनिक उपकरण भए त्यसभन्दा बढी कमाई गर्न सकिने भन्दै अब व्यवसायलाई थप व्यवस्थित गर्दै खेतबारीमा सिस्नोको खेती गर्ने योजना रहेको मनकलीले सुनाउनुभयो । राज्यले आफूजस्ता उद्यमीलाई व्यवस्थित रूपमा उद्यम गर्न सघाउने भए धेरै महिलाको दैनिकी बदलिने घर्ती मगर बताउनुहुन्छ । "मैले सिस्नोको पाउडर बनाउन सिकेको धेरै वर्ष भयो, धेरै थोरै अहिले पनि बनाउँदै आएको छ, पाउडेर बेचेर घर खर्च चलाउन मद्दत पुगेको छ, मैले उत्पादन गरेको पाउडर पोखरा, काठमाडौँसम्म पुग्छ, अझ जापान, कोरिया जानेले बढी लैजाने गर्छन्" घर्ती मगरले भन्नुभयो, "गाउँमा सबै महिला दिदीबहिनी मिलेर काम गर्ने हो भने वर्षमा लाखौं आम्दानी गर्न सकिने थियो ।" पाँच दिनको तालिमले आफूलाई अब्बल बनाउन टेवा पुऱ्याएको उहाँको भनाइ छ । आवश्यकअनुसारको मेसिन नहुँदा अहिले घरमै भएका सामग्रीबाट पाउडर उत्पादन गरेको घर्ती मगरले बताउनुभयो । माघअनुसार उत्पादन गर्न नसकेको उहाँ बताउनुहुन्छ । गाउँमा सहनशीला लघु उद्यम महिला समूह गठन भए पनि सक्रियरूपमा पाउडर उत्पादनमा लाग्न नसकेको घर्तीले सुनाउनुभयो । पहिले प्रतिकिलो दुई/चार सयमा बिक्री हुने पाउडरको मूल्य अहिले रु एक हजार पर्न थालेको उहाँले सुनाउनुभयो । आफूले अहिलेसम्म कुनै पनि निकायबाट अनुदान नपाएको घर्ती मगर बताउनुहुन्छ । ताराखोला गाउँपालिकाकाउपाध्यक्षभीमबहादुर रोकाले महिला उद्यमीहरुलाई पालिकाले निरन्तर सहयोग गर्दै र आवश्यक सीप सिकाउँदै आएको बताउनुभयो । उद्यमसँग जोडिने हरेक महिलालाई अनुदान दिने र दक्ष बनाउनका लागि तालिम दिने उहाँको भनाइ छ । आवश्यक सहयोग माग्न आउने हरेक महिला उद्यमीलाई पालिकाले सहयोग गरेको भन्दै सिस्नो पाउडर उत्पादन गर्ने मनकलीलाई पनि पालिकामा आए सहयोग गर्ने उपाध्यक्ष रोका बताउनुहुन्छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाव | धनु | : कार्यमा सफलता |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।





# लेखनाथमा बृहत शैक्षिक प्रर्दशनी

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन

पोखरा महानगरपालिका वडा नं २७ को शिक्षा समितिले विद्यालयहरुलाई समेटेर शनिवार लेखनाथमा बृहत शैक्षिक प्रदर्शनी प्रतियोगिता सम्पन्न गरेको छ।

विद्यालयहरुका बीच शैक्षिक सहकार्य वढाउने र विद्यार्थीहरुको प्रतिभा प्रष्फुटनको अवसर सृजना गरी शैक्षिक गतिविधी वढाउन सहज हुने गरी दुई दिने शैक्षिक कार्यक्रम अन्तरगत शुक्रवार मावि स्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको थियो भने शनिवार विभिन्न पाँच विधालाई आधार मानी प्रतियोगितात्मक शैक्षिक प्रदर्शनी सम्पन्न भएको हो । प्रतियोगितामा सहभागी




बिद्यालय मध्येबाट समग्रमा डायमण्ड माविले उत्कृष्ट स्थान हासिल गरेको थियो भने दितीय न्यूलाईट मावि र तृतीय जनप्रकाश मावि रहेका छन् । शैक्षिक प्रदर्शनीतर्फ प्रथम हुनेले १५ हजार,द्धितीयले १० हजार,तृतीयले सात हजार नगद पुरस्कार हात पारे । यसैगरी विज्ञानविधातर्फको प्रदर्शनीमा डायमण्ड मावि प्रथम, लिटल फ्लावर एजुकेशनल सेकेण्डरी स्कुल द्धितीय र जनप्रकाश माविले तृतीय स्थान हासिल गरेका छन् भने सामाजिक तर्फको प्रर्दशनीमा न्यू लाईट मावि प्रथम, डायमण्ड मावि द्धितीय भए।

गणिततर्फको प्रदर्शनीमा जनप्रकाश मावि प्रथम,डायमण्ड मावि द्धितीय र न्यु लाईट माविले तृतीय स्थान हासिल गरेका थिए । कार्यक्रमको उद्घाटन गर्दै डायमण्ड मावि विद्यालय ब्यवस्थापन समितिका सदस्य ईन्द्रवहादुर थापाले विद्यार्थीहरुले प्रदर्शनीबाट विज्ञान,प्रविधी,वातावरण,कृषि,सामाजिक,भाषा र सस्कृतिका वारेमा जानकारी पाउने धारणा राखे । लक्ष्मी आदर्श मावि विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष राजेन्द्रमणि लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षा समिति वडा नं २७ का सदस्य तथा कार्यक्रम संयोजक यम वहादुर रोक्का, सह संयोजक तथा लक्ष्मी आदर्श माविका प्रधानाध्यापक शिवमणि भण्डारी,डायमण्ड माविका ब्यवस्थापक हरि लामिछाने र डायमण्ड माविका शिक्षक नारायण वाग्ले लगाएतले बोलेका थिए।

# सिर्जना स्कुलमा शैक्षिक प्रदर्शनी कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन

पोखरा ८ सृजनाचोक शान्तिमार्गमा अवस्थित सिर्जना सेकेन्डरी स्कुलमा यही फागुन ३ गते शनिबारका दिन बृहत शैक्षिक प्रदर्शनी २०८१ कार्यक्रम सम्पन्न भयो।

विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सृजनशील क्रियाशील एवं व्यावहारिक बनाउँदै विद्यार्थीभित्रको अन्तर्निहित प्रतिभा उजागर गरी रचनात्मक तथा प्रयोगमुखी सिकाई गराउँदै लैजाने उद्देश्यका साथ उक्त वृहत शैक्षिक प्रदर्शनी कार्यक्रम सम्पन्न भएको थियो। विद्यालयमा अध्ययनरत कक्षा नर्सरी देखि कक्षा १२ सम्मका विद्यार्थीहरूले विषयगत रुपमा तयार पारेका परियोजना कार्यका मोडल तथा विविध शैक्षिक सामग्रीहरू प्रदर्शनीमा राखिएका थिए।

विद्यालय प्राङ्गणका साथै कक्षाकोठामा कक्षा कोठामा राखिएका करिब ६० वटा स्टलहरूमा विज्ञान गणित कम्प्युटर सामाजिक नेपाली अंग्रेजी स्वास्थ्य तथा शारीरिक शिक्षा लेखा बिजनेस स्टडी टुरिजम होटल म्यानेजमेन्ट आदि विषयमा विद्यार्थीहरूले झन्डै ९०० परियोजनाका मोडलहरू प्रस्तुत गरेका थिए। उक्त प्रदर्शनीमा विद्यालयका विद्यार्थी



अभिभावक भूतपूर्व विद्यार्थी छिमेकी विद्यालयका प्रिन्सिपल शिक्षक एवं विद्यार्थीहरू गरी करिब ४ हजार जनाले प्रदर्शनी अवलोकन गरेका थिए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष परशुराम बरालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेश शिक्षा विकास निर्देशनालयका महानिर्देशक अम्बिकाप्रसाद आचार्यले रिबन काटेर उद्घाटन कार्यक्रमको समुद्धाटन गरेका थिए। विशिष्ट अतिथिका रुपमा गण्डकी प्रदेश राष्ट्रिय परीक्षा बोर्डका प्रमुख गोविन्द पोखरेल र पोखरा महानगरपालिका शिक्षा महाशाखाप्रमुख हेमप्रसाद आचार्य रहेका थिए। यसैगरी अतिथिहरूमा पोखरा महानगरपालिका शिक्षा महाशाखाका अधिकृत रामप्रसाद तिवारी, सिर्जना सेकेन्डरी स्कुल, विद्यालय व्यवस्थापन समितिका सदस्य विष्णुप्रसाद बराल र गिर्दारी सुवेदी रहेका थिए।

उक्त कार्यक्रममा शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि आचार्यले विद्यालयलाई सिकाइको थलो बनाउँदै सिकाइलाई टिकाई राख्न व्यावहारिकतालाई मध्यनजर गरी प्रयोगात्मक एवं वातावरण मैत्री सिकाइमा ध्यान दिएकोमा आभार प्रकट गरेका थिए। सो अवसरमा विद्यालयका सल्लाहकार कृष्णप्रसाद घिमिरेले स्वागत मन्तव्य राखेको थिए भने विद्यालयका प्राचार्य डोलराज पाण्डेले सम्पूर्ण विद्यार्थी एवं शिक्षक वर्गलाई रचनात्मक कार्य गरेकोमा खुसी व्यक्त गरेका थिए। साथै कार्यक्रमको समापन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष परशुराम बरालले गरेका थिए भने कार्यक्रमको सञ्चालन विद्यालयका शिक्षक सुबिन गुरुङले गरेका थिए।

# तनहुँमा २६ हजार भूमिहीनको लगत सङ्कलन

**पोखरापत्र संवाददाता**
दमौली, ३ फागुन

भूमि समस्या समाधान आयोगले तनहुँमा २६ हजार बढी भूमिहीनको लगत सङ्कलन गरेको छ । यसअघि गठन भएको आयोगले २६ हजार एक सय १७ भूमिहीनको लगत सङ्कलन गरेको र हाल गठन भएको आयोगले सोही विवरणको आधारमा कामलाई अगाडि बढाउने तयारी गरेको छ।

आयोगका सदस्य सचिव एवं नापी कार्यालयका प्रमुख विजय सिंहले जिल्लाका १० स्थानीय तहका २६ हजार एक सय १७ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन गर्ने कार्य सकिएको जानकारी दिनुभयो । त्यस्तै छ हजार सात सय ७३ कित्तामा नाप नक्सा भइसकेको उहाँले बताउनुभयो । उहाँका अनुसार छ सय २४ हेक्टर क्षेत्रफलको नाप नक्सा कार्य सकिएको छ।

त्यस्तै १३ जनालाई लालपुर्जा नै वितरण भइसकेको सदस्य सचिव सिंहले बताउनुभयो । आयोगले विगतमा गरेका कामलाई नै वर्तमान आयोगले निरन्तरता दिने सिंहको भनाइ छ। उहाँले भन्नुभयो, “विगतको आयोगले जहाँसम्म काम सम्पन्न गरेको छ, अहिले गठन भएको आयोगले त्यहीँबाट काम सुरू गर्नेछ ।” व्यास नगरपालिकामा सात हजार ४३, भानु नगरपालिकामा तीन हजार तीन सय १७, शुक्लागण्डकी नगरपालिकामा चार हजार चार सय तीन, देवघाट गाउँपालिकामा दुई हजार तीन सय ४४, भीमाद नगरपालिकामा एक हजार आठ सय ६१, ऋषिङ गाउँपालिकामा एक हजार चार सय ३९, घिरिङ गाउँपालिकामा एक हजार पाँच सय २०, म्याग्दे गाउँपालिकामा एक हजार दुई सय ६७, आँबुखैरेनी गाउँपालिकामा आठ सय ९३ र बन्दीपुर गाउँपालिकामा दुई हजार ३० भूमिहीनको लगत सङ्कलन भएको छ।

सदस्य सचिव सिंहका अनुसार व्यासमा चार सय नौ भूमिहीन दलित, चार सय ८३ भूमिहीन सुकुम्बासी, छ हजार एक सय ५१ अव्यवस्थित बसोबासी, भानुमा चार सय पाँच भूमिहीन सुकुम्बासी, दुई हजार नौ सय १२ अव्यवस्थित बसोबासी, शुक्लागण्डकीकमा दुई सय ८७ भूमिहीन दलित, दुई सय ८७ भूमिहीन सुकुम्बासी, तीन हजार आठ सय २९ अव्यवस्थित बसोबासी, देवघाटमा एक सय २३ भूमिहीन दलित, ७८ भूमिहीन सुकुम्बासी र दुई हजार एक सय ४३ अव्यवस्थित बसोबासीको लगत सङ्कलन भएको छ। त्यस्तै भीमादमा १९ भूमिहीन दलित, १५ भूमिहीन सुकुम्बासी, एक हजार आठ सय २७ अव्यवस्थित बसोबासी, ऋषिङमा २२ भूमिहीन दलित, एक सय २७ भूमिहीन सुकुम्बासी, एक हजार दुई सय ९० अव्यवस्थित बसोबासी, घिरिङमा ६३ भूमिहीन दलित, ५५ भूमिहीन सुकुम्बासी, एक हजार चार सय दुई अव्यवस्थित बसोबासी, म्याग्देमा ७८ भूमिहीन दलित, ६५ भूमिहीन सुकुम्बासी, एक हजार एक सय २४ अव्यवस्थित बसोबासी, आँबुखैरेनीमा १८ भूमिहीन दलित, ९० भूमिहीन सुकुम्बासी, सात सय ८५ अव्यवस्थित बसोबासी र बन्दीपुरमा ८९ भूमिहीन दलित, दुई सय ६७ भूमिहीन सुकुम्बासी र एक हजार छ सय ७४ अव्यवस्थित बसोबासीको लगत सङ्कलन गरिएको छ । आयोगका सदस्य सचिव सिंहका अनुसार शुक्लागण्डकीमा दुई हजार आठ सय ४१, देवघाटमा दुई हजार तीन सय ६२, आँबुखैरेनीमा एक हजार पाँच सय २९ कित्ताको नाप नक्सा भइसकेको छ। त्यस्तै शुक्लागण्डकीको वडा नम्बर २, ७ र ८ को नाप नक्सा सम्पन्न गरी कार्यालय प्रयोजन भइरहेको छ भने देवघाटको वडा नम्बर ५ को नाप नक्सा सम्पन्न गरी कार्यालय प्रयोजनको काम भइरहेको छ । यस्तै आँबुखैरेनीको पनि सबै वडाको नाप नक्सा सम्पन्न भएको छ।

आयोगका नवनियुक्त अध्यक्ष गोविन्द सिलवालले जुनसुकै पार्टीबाट आयोगमा प्रतिनिधित्व भए पनि आफूहरूको मुख्य काम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने रहेको बताउनुभयो । उहाँले भन्नुभयो, “आयोगले राजनीतिक पूर्वाग्रह नराखी काम गर्नेछ, भूमिहीनको समस्या समाधानका लागि एकढिक्का भएर काम गर्नेछौं ।”

# सामुदायिक वनमा लागेको आगो निभाउन कठिन, जोखिममा भेडीगोठ

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ फागुन

बागलुङको निसीखोला गाउँपालिका-६ सिंवाद्धार क्षेत्रमा लागेको आगो अझै निभाउन सकिएको छैन। शुक्रबार दिउँसो २ बजेदेखि लागेको आगो निभाउन अझै नसकिएको भएको गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्ती मगरले बताउनुभयो।

सिंवाद्धार, सीप, तिग्रापानी, कोस्काँ, सुन क्षेत्रका सामुदायिक वनमा आगो लागेको हो । आगलागीका कारण उक्त क्षेत्रमा रहेका एक सयभन्दा बढी भेडीगोठ जोखिममा रहेको उहाँले बताउनुभयो।

आगो निभाउनका लागि स्थानीय र निसी प्रहरी चौकीबाट टोली खटिएको छ । अध्यक्ष मगरले भन्नुभयो, “आगालागी भएको क्षेत्र निसीखोलाका किसानहरुले भेडा चरनका रुपमा प्रयोग गर्ने ठाउँ हो, त्यहाँ एक सयभन्दा बढी गोठ र हजारौँको सङ्ख्यामा भेडाबाख्रा छन्, ती सबै आगलागीको जोखिममा छन् ।” आगलागीको कारण अझै पत्ता लागेको छैन।

# विकासले उज्यालिँदै गरेका गाउँ बसाइँसराइले अँध्यारा बन्दै

**रासस**
म्याग्दी, ३ फागुन

सडक, सञ्चार, शिक्षा र स्वास्थ्यको पहुँचसँगै विकासले उज्यालिँदै गरेका गाउँ बसाइँसराइले अँध्यारा बन्दै गएका छन् । सङ्घीयता कार्यान्वयनमा आएसँगै स्थानीयतह सबल हुँदा विकासका कार्यक्रम गाउँ केन्द्रित भए पनि गाउँ रित्तिँदै गएको हो।

वर्षौंदेखि ओझेलमा परेका गाउँबस्तीमा विकास पुगेको छ। घरआँगनमै गाडी गुड्ने सडक छन्। नजिकै विद्यालय छ। वडा कार्यालयसँगै स्वास्थ्यचौकी, घरघरमा झलमल्ल बिजुली, घाँस पराल बोकेर घरगोठमा पुग्ने ट्र्याक्टर, मोटरसाइकल सबैको सुविधा गाउँमा भए पनि गाउँ छोड्दै सहर झर्ने र मधेस पस्नेहरूको सङ्ख्या बर्सेनि बढ्दै गएको छ। कवि हेम हमालको कवितामा भनिएझैँ तीव्ररूपमा भइरहेको बसाइँसराइ र वैदेशिक रोजगारीप्रतिको बढ्दो आकर्षणका कारण ग्रामीण सौन्दर्य रित्तिदै जाँदा गाउँ गाउँजस्ता रहेनन् भने सहर पनि वर्णशङ्कर हुँदै जान थालेको छ।

चार/पाँच वर्षअघिसम्म दुर्गम मानिएका गाउँहरूमा पछिल्लो समय विकासको लहर चलेको छ। तर, विकास र सुविधा गाउँमा पुगेपछि मोटर चढेर गाउँ छोड्नेहरू पनि उत्तिकै बढेका रघुगङ्गा गाउँपालिका-६ ठाडाखानीका टेकबहादुर छन्त्यालले बताउनुभयो।

हेर्दै रहरलाग्दो म्याग्दीको मालिका गाउँपालिका-२ मा पर्ने रूम गाउँको यो सौन्दर्य अहिले बसाइँसराइका कारण एक्लिदै जान थालेको छ । “गाउँमा घरहरू त छन् तर, घरमा बस्ने मानिसहरू छैनन् । बस्ती पातलिँदै जान थालेको छ । भीरपहरा र खोलाहरू छिचोल्दै गाउँमै सडक पुगेको छ। सुविधा थपिएका छन् । विद्यालय, स्वास्थ्यचौकीदेखि लिएर खानेपानी र सिँचाइको राम्रो सुविधा भए पनि मानिसहरू थप सुविधाको खोजिमा सहर बजार र तराईतिर जानेक्रम भने झन बढ्दै जान थालेका छन्”, छन्त्यालले भन्नुभयो । ठाडाखानी मात्रै होइन आफ्नै रीतिथिति र जीवनशैलीमा रमाएको म्याग्दी जिल्लाका दर्जनौं गाउँहरू पछिल्लो समय बसाइँसराइका कारण उजाडिँदै जान थालेका छन् । जिल्लाका दुर्गम गाउँहरूबाट मात्रै होइन सदरमुकाम नजिक र सबै कुराको सुविधा पुगेका गाउँहरूबाट समेत बसाइँसराइ बढ्दै गएको छ । बेनी नगरपालिकाको ज्यामरूककोट, पुलाचौर, सिंगा, भकिम्ली, घतानजस्ता गाउँहरू समेत बसाइँसराइका कारण रित्तिदै जान थालेका स्थानीय जनप्रतिनिधिले बताएका छन्।

आठ/दश वर्षअघि ५५ घरधुरी भएको बेनी नगरपालिका-२ गौश्वारा गाउँमा अहिले २६ घरधुरीमा मात्रै मानिसको बसोबास रहेको छ। त्यसैगरी एक सय ७९ घरधुरी भएको बगरफाँट र खबरा क्षेत्रबाट ४८ परिवारले बसाइँ सरेको बेनी नगरपालिका-२ का वडाध्यक्ष यामबहादुर कार्कीले बताउनुभयो। गाउँमा विकासले गति लिँदै गरे पनि बसाइँ सर्नेको सङ्ख्यामा भने कमी आउन नसकेको उहाँको भनाइ छ। गाउँमा साह्रोगाह्रो र आपत् विपत् पर्दा सहयोग गर्ने छिमेकी घट्दै जान थालेका र विकास निर्माणको काम गर्न समस्या हुने गरेको मङ्गला गाउँपालिका-२ का केदार जैसीले बताउनुभयो।

म्याग्दीमा वैदेशिक रोजगारीमा जाने, सेवासुविधाका लागि ठूला सहर र जिल्ला बाहिर बसाइँसराइ गर्ने र कम बच्चा जन्माउने प्रवृत्तिका कारण १० वर्षअघिको तुलनामा जनसङ्ख्या घटेको पाइएको छ। केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको नेपालको जनगणना २०७८ को प्रारम्भिक नतिजाअनुसार विसं २०६८ को तुलनामा शून्य दशमलव ५४ प्रतिशतले म्याग्दीको जनसङ्ख्या घटेको हो। विसं २०६८ को जनगणनाअनुसार एक लाख १३ हजार छ सय ४१ जना जनसङ्ख्या रहेको जिल्लामा २०७८ को प्रारम्भिक नतिजामा एक लाख सात हजार तीन सय ७२ जना भएको केन्द्रीय विभागको तथ्याङ्कमा उल्लेख छ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म: वि.स. २०१६/०५/१६

स्वर्गारोहण: वि.स. २०८१/१०/२२

**स्व: विष्णुमाया पौडेल**

श्री जनकल्याण समिति पोखरा-१३ का आजीवन सदस्यद्वय नारायण प्रसाद र निरु पौडेलको तथा हाम्रा शुभेच्छुक बन्धु बासुदेव, गोबिन्द र गायत्री पौडेलका माया, ममता र स्नेहका खानी प्रातः पुजनीय आमा लक्ष्मी, निरु, सृष्टी पौडेल एवं ध्रुव अधिकारीका माया, ममता र स्नेहका खानी प्रातः स्मरणीय सासु-आमा **विष्णुमाया पौडेल**को आस्था अस्पताल पोखरामा उपचारकै क्रममा असामयिक स्वर्गारोहण भएकोमा श्री जनकल्याण समिति पोखरा-१३ परिवार भावविह्ल भएकाछौं। यस दुखको घडीको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्ति र बैकुण्ठबासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै शोकाकुल परिवारजन, दाजुभाइ, ईष्टमित्र, कुलकुटुम्ब सबैलाई धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गर्नेछन् भन्ने सतत् कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**श्री जनकल्याण समिति परिवार**
**पोखरा-१३, शिद्धकोस्थान**